**राजस्व न्यायाधिकरण काठमाडौं**

**<u>इजलास</u>**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री जीवनकुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बरबहादुर कार्की**

**<u>फैसला</u>**

२०७५/०७६ सालको निर्णय नं. २०९

पुनरावेदन नं. ९७–०७५-RB-०१५८

**<u>मुद्दाः – मुल्य अभिवृद्धि कर (२०७०/०७१) ।</u>**

सानिमा वैंक लिमिटेड..........................................................................१ } पुनरावेदक

**<u>विरुद्ध</u>**

श्री ठूला करदाता कार्यालय हरिहरभवन.................................... १ }

श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट काठमाण्डौ ..................................१ } प्रत्यर्थी

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः विद्वान अधिवक्ताद्वय श्री दिपक घिमिरे , श्री लक्ष्मी सापकोटा

प्रत्यर्थी कार्यालयहरुका तर्फबाटः उपन्यायाधिवक्ता श्री शम्भूकुमार वस्नेत

**अविलम्वित नजीरः** ×

**<u>शुरु निर्णय गर्ने कार्यालय र अधिकारी</u>**

शुरु निर्णय गर्ने कार्यालयः- श्री ठूला करदाता कार्यालय,हरिहरभवन।

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशाशक धनन्जय खनाल

शुरु कार्यालयको निर्णय मितिः–२०७५/०१/१३

प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी

निर्णय गर्ने पदाधिकारी : महानिर्देशक श्री बिष्णुप्रसाद नेपाल

निर्णय मितिः–२०७५/०६/१५

पुनरावेदक कम्पनीका हकमा ठूला करदाता कार्यालय ललितपुरको मिति २०७५/०१/१३ को कर निर्धारणको निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा त्यहाँबाट समेत २०७५/०६/१५हामी करदाताको निवेदन जिकिर नपुग्ने गरी ठुला करदाता कार्यालयबाट भएको अंतिम कर निर्धारण आदेशलाइ यथावत सदर गर्ने गरी मिति २०७५/०६/१५मा भएको निर्णय राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र मुल्य अभिवृद्धी कर ऐन, २०५२ को दफा ३२ बमोजिम प्रस्तुत पुनरावेदन पत्र यस न्यायाधिकरणमा पर्न आएको रहेछ । सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

**<u>तथ्य खण्ड</u>**

१. करदाता सानिमा वैंक लिमिटेडले आ.व. २०७०/०७१ को मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ८ (२) मा नेपाल वाहिरको दर्ता नभएको कुनै व्यक्तीबाट SWIFT सेवा प्राप्त गर्न दर्ता भएको वा दर्ता नभएको व्यक्ती यो ऐन वमोजिम कर लाग्ने मुल्यमा भुक्तानीका वखत कर निर्धारण र असुल उपर गर्नु पर्ने ब्यवस्था अनुसार करदाताले सेवा विदेशी आपूर्तीकर्ताहरुबाट प्राप्त गरे वापतको रु.१६,५१,९१६।२४ को १३ प्रतिशतले हुने मुल्य अभिबृद्धि कर २५ प्रतिशत जरिवाना व्याज थप दस्तुर समेत जम्मा रु.४६९७६३।५२ असुल उपर गर्नु पर्ने भनि मुल्य अभिबृद्धि कर नियमावली २०५३ को नियम २९(१) बमोजिम प्रारम्भिक कर निर्धारण आदेश ।

२. प्रस्तुत करदाता सानिमा वैंक लिमिटेडले आ.व. २०७०/०७१ को प्रारम्भिक मुल्य अभिबृद्धि कर निर्धारण गरेको ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०७५/०१/१३ मा सूचना जारी भएको।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७५/०१/१३ मा जारी भएको सूचना करदाताले बुझी लिइ जवाफ पेश गरेको ।

४. करदाता सानिमा वैंक लिमिटेडले आ.व. २०७०/०७१ को प्रारम्भिक मुल्य अभिबृद्धि कर निर्धारण आदेश वमोजिमकै मू.अ.कर रु.२१४७४९।०० जरिवाना रु.५३६८७।२८ र थप दस्तुर रु.८०५३०।८७ तथा व्याज रु१२०७९६।३७ समेत गणना गरी हुने रकम

रु.४६९७६३।५२ दाखिला गर्न मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण गर्ने मिति २०७५।०१।१२ गतेको निर्णय पर्चा ।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७५/०१/१३ मा जारी गरेको आ.व. २०७०/०७१ को मुल्यअभिवृद्धि कर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी सानिमा बैंक लि. ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५/०३/०५ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन।

६. संशोधित कर निर्धारण सम्बन्धी निर्णय कानुन सम्मत नै भएकोले निवेदकको जिकिर पुग्न सक्दैन भन्ने आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५/०६/१५ मा भएको निर्णय ।

७. यसमा शुरु करदाता कार्यालयले मिति २०७५/०१/१३ मा गरेको कर निर्धारण आदेश र सो आदेशलाई सदर गरी भएको आन्तरिक राजश्व विभागबाट प्रशासकिय पुनरावलोकनको निर्णयमा कर कानुन र कर न्यायका मान्य सिद्धान्त विपरित भई त्रुटीपूर्ण रहेकोले सोलाइ वदर उल्टी गरी नलाग्ने कर जरिवाना थप दस्तुर तथा व्याज समेतको दायित्वबाट मुक्त गरी पाँउ भन्ने निवेदक करदाताको पुनरावेदन पत्र ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४० (३) नं. बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७५/११/०५ मा भएको आदेश ।

## ठहर खण्ड

९. नियम बमोजिम पेशी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनराबेदन पत्र एवं प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो ।

१०. पुनरावेदकका तर्फबाट उपस्थित विद्धान अधिवक्ताद्वय श्री दीपक घिमिरे श्री लक्ष्मी सापकोटाले पुनरावेदन जिकिरमा पेश भएका बुँदाहरु शुरु करदाता कार्यालयले मिति २०७५/०१/१३ मा गरेको कर निर्धारण आदेश र सो आदेशलाई सदर गरी भएको आन्तरिक राजश्व विभागबाट प्रशासकिय पुनरावलोकनको निर्णयमा कर कानुन र कर न्यायका मान्य सिद्धान्त विपरित भई त्रुटीपूर्ण रहेकोले सोलाइ वदर उल्टी गरी नलाग्ने कर जरिवाना थप दस्तुर तथा व्याज समेतको दायित्वबाट मुक्त गरी पाँउ भन्ने निवेदक करदाताको पुनरावेदन पत्र ।

११. प्रत्यर्थी कार्यालय, ललितपुरका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय काठमाडौंका विद्वान उपन्यायाधिवक्ता श्री शम्भूकुमार वस्नेतले ऐनले नै कर अवधि तोकिदिएको छ । जुन कर अवधी अनुसार गणना गरिएको ऐन र नियमावलि भन्दा बाहिर गएर गरेको छैन । शुरु निर्णय नै सदर हुनुपर्छ भनी बहस जिकिर प्रस्तुत गर्नुभयो ।

१२. पुनरावेदक तर्फबाट लिईका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्धान कानून व्यवसायीहरुबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागजात प्रमाणहरुको अध्ययन गरी निर्णय तर्फ विचार गर्दा अव शुरु कार्यालयको निर्णय मिलेको छ वा छैन ? र पुनरावेदकको पुनरावेदन जिकिर अनुसार हुनेपर्ने हो वा होइन ? भन्ने तर्फ निर्क्योलमा पुग्नु पर्ने देखिन्छ । सो सम्बन्धमा निम्न बमोजिम हुने देखिन आयोः-

१३. करदाताले SWIFT सेवा विदेशी आपूर्तिकर्ताहरुवाट प्राप्त गरे वापतको रकम रु. ४,६९,७६३।५२ मा मूल्य अभिवृद्धि कर असुल उपर गरी दाखिला गरेको देखिएन । SWIFT सेवा मु.अ.कर ऐन २०५२ को अनुसूची १ अन्तर्गत छुट हुने सूचीमा समावेश नभएको सेवा हो । करदाताले नेपालमा वसी नेपालमा नै आफ्नो ग्राहकलाइ सो सेवा प्रदान गरेको र सो सेवा SWIFT सेवा वापतको खर्च कट्टि पाउनुपर्ने सो सम्बन्धमा भएको कर निर्धारण समेत कानून सम्मत नभएकाले बदरभागी छ भन्ने जिकिर प्रस्तुत गर्नुभयो ।

१४. प्रत्यर्थी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर एवं आन्तरिक राजस्व विभाग समेतका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय काठमाडौंका सरकारी वकिल श्री शम्भु कुमार वस्नेतले SWIFT सेवा वापतको खर्च कट्टि समेतका सम्बन्धमा यसै न्यायाधिकरणबाट धेरै फैसलाहरु भै विवाद टुंगो लागिसकेको हुँदा अन्य थप जिकिर गरी रहन परेन सेवामा भएको भुक्तानीमा आयकर ऐन अनुसार मूल्य अभिवृद्धि कर लाग्दैन भन्नु कानून सम्मत नभएकोले प्रत्यर्थीको निर्णय सदर होस भन्ने जिकिर प्रस्तुत गर्नुभयो ।

१५. प्रस्तुत मुद्दाको प्राप्त शुरु मिसिल र पुनरावेदन पत्र अध्ययन गरी उपरोक्तानुसारको विद्धान अधिवक्ताद्वय एवं विद्धान सरकारी वकिलको बहस सुनी सकेपछि पुनरावेदन जिकिर अनुसार हुने हो, होइन ? भनी निर्णय तर्फ विचार गर्दा देहाय अनुसार हुने देखियो ।

१६. Swift **/ Reuters सम्बन्धमा** पुनरावेदन जिकिर बमोजिम **SWIFT/Reuters** सेवामा मूल्य अभिवृद्धि कर लाग्ने नलाग्ने के हो त भनी विचार गर्दा पुनरावेदक बैंकले **SWIFT/ Reuters** जस्ता सेवाहरु विदेश स्थित संस्थाहरुसंग आवद्ध भई सम्बन्धित आफ्ना उपभोक्ताहरुलाई सेवा

प्रवाह गरि व्यवसाय गरी आएकोमा विवाद छैन । आफू एक वित्तीय संस्था भएको तथा उल्लिखित सेवाहरु विदेशबाट प्रवाह हुने सेवा भएको भन्ने आधारमा नेपालभित्र आपूर्ति भएको मानिदैन भन्ने पुनरावेदकको मुख्य जिकिर रहेको पाइयो । सञ्चार प्रविधिको माध्यमबाट हुने विविध सेवाहरुको कार्यक्षेत्र विश्वब्यापी रुपमा रहेको हुन्छ । मूल्यअभिबृद्धि करको विषय सेवाको आपूर्तिसँग र भुक्तानीको प्रकृयासँग बढी सम्बन्धित रहन्छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८ को उपदफा (२) मा "नेपाल बाहिरको दर्ता नभएको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्ने दर्ता भएको वा दर्ता नभएको व्यक्तिले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कर लाग्ने मूल्यमा भुक्तानीका वखत कर निर्धारण र असुल उपर गर्नु पर्नेछ" भन्ने व्यवस्था गरेको र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसुची १ मा समावेश भएका कर छुट पाउने सेवा बाहेकका अन्य सबै सेवाहरुमा भएको भुक्तानीको रकममा मूल्य अभिवृद्धी कर लाग्ने देखिन्छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २ मा सेवा भन्नाले वस्तु वाहेकको जुनसुकै कुरा सम्झनुपर्छ भन्ने व्यवस्था रहेको छ । ऐनमा उल्लेख भएको उक्त परिभाषा अनुसार पनि बैंकले अन्य मुलुकमा रकमान्तर गर्दा प्रयोगमा ल्याएको **SWIFT/ Reuters** सेवा हो भन्ने देखिन्छ । तथापि उक्त सेवा वित्तीय सेवा नै हो भनी पुनरावेदनकले प्रमाणित गर्न सकेको पाईदैन । विवादीत विषय भनेको **SWIFT** जस्ता सेवा प्रयोग वापत तिरेको शुल्कसँग सम्वन्धित रहेको देखिन्छ । बैंकले भुक्तानी गरेको सो शुल्क ऐन अनुसार मूल्य अभिवृद्धी कर लाग्ने सेवा वापतको भएकोले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) मा रहेको कानूनी व्यवस्था अनुसार नेपाल बाहिरको दर्ता नभएको व्यक्तिबाट सेवा प्राप्त गरे वापत भुक्तानी गरेको रकममा मूल्य अभिवृद्धि कर लाग्ने देखिंदा उक्त कर निर्धारण त्रुटिपूर्ण छ भन्ने पुनरावेदकको पुनरावेदन जिकिर सँग सहमत हुन सकिएन ।

१७. अतः यसमा पुनरावेदक करदाता सानिमा बैंक लिमिटेडको आ.व. २०७०/०७१ को मुल्य अभिबृद्धि कर निर्धारणका सम्बन्धमा शुरु ठूला करदाता कार्यालयको मिति २०७५/०१/१३ को निर्णय र सो लाइ समर्थन गर्ने गरी आन्तरिक राजश्व विभागबाट मिति २०७५।०६।१५ मा भएको निर्णय मिलेकै देखिदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरूमा तपसिल बमोजिम गर्नु ।

**तपशिल**

फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनू..............................................................................१

सरोकारवाला पक्ष नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तूर लिई नक्कल दिनू...................................................................................२

प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ............................................................३

डम्बरबहादुर कार्की
( लेखा सदस्य )

उक्त रायमा हाम्रो सहमति छ ।

जीवनकुमार घिमिरे　　　　　　किशोर सिलवाल

(राजस्व सदस्य)　　　　　　(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

शाखा अधिकृतः श्री युबराज गौतम

कम्प्युटर सहयोग श्री प्रदिप तिवारी

इतिसम्बत २०७६ साल अषाढ २२ गते रोज १ शुभम......